## बैठक संख्या - ५

आज मिति २०७८ साल अश्विन महिनाको ०६ गतेका दिन यस गढवा गाँउपालिकामा उपाध्यक्ष श्री शारदा कुमारी चौधरी ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल ज्यू | अनुपस्थित |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी ज्यू | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री आशिष चौधरी | |

आमन्त्रित :-

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

सहयोगी :-

श्री शम्भुराज आचार्य, अधिकृतस्तर सातौं (लेखा) ।

श्री पुनाराम शर्मा , अधिकृत छैठौं ।

**मिति २०७९/०६/०६ गतेको गाउँकार्यपालिका बैठकका प्रस्तावहरू**

**प्रस्ताब नम्बर १ :** गढवा गाउँपालिकाको अस्पताल तथा स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन व्यवस्थापन कार्यविधि २०७९ सम्बन्धमा ।

**प्रस्ताब नम्बर २ :** गढवा गाउँपालिकाको कर्मचारीहरूको सेवा शर्त र सुबिधा सम्बन्धी आवश्यक ऐन नियम तर्जुमा सम्बन्धमा ।

**प्रस्ताब नम्बर ३ :** वडा नम्बर ४ स्थित मुत्तक कमैया पुर्नस्थापना जिल्ला समितिले जग्गा धनि पूर्जा उपलब्ध गराएतापनि हालसम्म जोतभोग गर्न नपाएका व्यक्तिहरूको लागि सामुदायिक वनलाई अनुरोध सम्बन्धमा ।

**प्रस्ताब नम्बर ४ :** गढवा गाउँपालिकाको सर्पदंश उपचार केन्द्रको व्यवस्थापक र निजको सूबिधा सम्बन्धमा ।

**प्रस्ताब नम्बर ५ : गढवा गाउँपालिका अर्न्तगत सम्पन्न भएका विपद सम्बन्धी योजनाहरूको भुक्तानी सम्बन्धमा ।**

**प्रस्ताब नम्बर ६ : गढवा गाउँपालिका क्षेत्र भित्र शान्ती सुरक्षा कायम गर्नका लागि पहरा दिने प्रयोजनको लागि ईलाका प्रहरी कार्यालय गढवालाई ईन्धन उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णयहरू :**

**निर्णय नम्बर १ :** प्रस्ताब नम्बर १ उपर छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार १५ शैय्या सम्मको अस्पताल तथा स्वास्थ्य संस्थाहरू आफै स्थापना तथा संचालन गर्न सकिने गरि स्थानीय तहको एकल अधिकारको सूची भित्र समावेश भएको हुँदा नेपाल सरकारको मन्त्रीपरिषदको निर्णयानुसार यस गढवा गाउँपालिका अर्न्तगतका निर्माणाधिन १५ शैय्याको अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूको संचालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने गढवा गाउँपालिकाको अस्पताल तथा स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन व्यवस्थापन कार्यविधी २०७९ सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर २ :** प्रस्ताब नम्बर २ उपर छलफल गर्दा गढवा गाउँपालिका अर्न्तगत कार्यरत कर्मचारीहरू मध्ये समायोजन ऐन २०७५ बमोजिम समायोजन मिलान भई आएका तथा लोक सेवा आयोगबाट सिफारिस भई आएका कर्मचारीहरूको सेवा, सर्त र सुबिधा सम्बन्धी व्यवस्था हालसम्मका लागि निजामती ऐन २०४९ तथा नियमावली २०५० बमोजिम व्यवस्था भएकोमा हालसम्म गढवा गाउँपालिका अर्न्तगत कार्यरत आन्तरिक स्थायी, तथा सेवा करारमा कार्यरत कर्मचारीहरूको सेवा, सुबिधा, बृत्ति, विकास, जिम्मेवारी, आचारसंहीता, कार्यसम्पादन आदी सेवा प्रबाह तथा कर्मचारी व्यवस्थापनका विविध विषयबस्तु समेटेर गढवा गाउँपालिकाको स्थानीय कर्मचारी प्रशासन संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, नियमावली, कार्यबिधी तयार पार्नका लागि यस गाउँकार्यपालिका अर्न्तगत रहेको बिधेयक समितिलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ३ :** प्रस्ताब नम्बर ३ उपर छलफल गर्दा यस गढवा गाउँपालिका वडा नम्बर ४ अर्न्तगत सालभुण्डी सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्र भित्र मुक्तक कमैया पुनस्थापना जिल्ला समिति दाङको मिति २०६५/०३/१९ गतेको निर्णय बमोजिम केही मुक्त कमैयाहरूलाई सालभुण्डी सामुदायिक वन क्षेत्र भित्रको जंगलको छेउमा जग्गा नापी गरि जग्गाधनि प्रमाण पुर्जा समेत वितरण गरी सकेकोले पटक पटक मुक्तक कमैयाहरू उक्त स्थानमा घर बनाउन खोज्दा सामुदायिक वनले घर बनाई बसोबास गर्न नदिएको भनि गुनासो भई आएकोले उक्त कमैयाहरूको जग्गा उपभोग सम्बन्धी विगतमा गठन भएका विभिन्न आयोग तथा समितिहरूले भूमि सम्बन्धी समस्या समाधानका लागि सुरू गरेका अधुरा काम विषय मार्फत आवश्यक निर्णयका लागि राष्ट्रिय भूमि आयोगको दाङ कार्यालयमा सिफारिस पठाउने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**निर्णय नम्बर ४ :** प्रस्ताब नम्बर ४ उपर छलफल गर्दा यस गढवा गाउँपालिका वडा नम्बर ६ स्थित संचालित दाङ देउखुरी सर्पदशं उपचार केन्द्रमा कार्यरत अ.हे.ब. श्री देविराम आचार्यलाई उक्त उपचार केन्द्रको व्यवस्थापक तोकिएकोमा हाल गढवा स्वास्थ्य चौकीमा कार्यरत सि.अ.हे.ब श्री राम कुमार यादबलाई खटाईएकोमा निज राम कुमार यादवलाई जेष्ठताको आधारमा व्यवस्थापक तोक्ने निर्णय गरियो ।

**निर्णय नम्बर ५ :** प्रस्ताब नम्बर ५ उपर छलफल गर्दा गढवा गाउँकार्यपालिकाको मिति २०७९/०४/०९ गतेको गाउँकार्यपालिकाको निर्णयानुसार विपद सम्बन्धी अत्यावश्यक देखिएका र तत्काल गर्नुपर्ने कटान तथा डुबान नियन्त्रण सम्बन्धी योजनाहरू कार्यान्वयन गर्ने भनि निर्णय भएकोमा उक्त योजनाहरू वडागत रूपमा कार्यान्वियन भई कार्यसम्पन्न पश्चात भुक्तानीको लागि पेश भएको र विपद व्यवस्थापन समितिले समेत अनुगमन सम्पन्न गरि मिति २०७९/०६/०७ गतेको बैठकबाट भुक्तानीको लागि सिफारिस गरेकोले तपशिल बमोजिम योजनाहरूको भुक्तानी दिने निर्णय गरियो ।
तपशिल :

| क्र.सं. | विपद व्यवस्थापन कोष तर्फ संचालित योजना | स्वीकृत बजेट |
|---|---|---|
| १ | सुपैला गाउँको कुटीखोला तथा बुके खोला कटान नियन्त्रण गढवा गा.पा. ३ | १६०००० |
| २ | दंगाली छाप कुलो सोर्ने काम गढवा गा.पा. ५ | ५५६९१ |
| ३ | धैरेनी पश्चिम कफली खोला कटान नियन्त्रण गढवा गा.पा. ३ | १६०००० |
| ४ | तल्लो मदपुर खवरी खोला नियन्त्रण गढवा गा.पा. ६ | १५०००० |
| ५ | विपद न्युनिकरण तथा रोकथाम नियन्त्रण कोष गढवा गा.पा २ | ३९७१४२ |
| ६ | बनघुस्री खोला नियन्त्रण/बनघुस्री सोलिङ/कुमाल टोलमा बाटो पि.सि.सि गर्ने गढवा गा.पा. ६ | १००००० |
| ७ | वडाका विभिन्न टोलमा भित्री बाटाका खाल्डा खुल्डी पुर्ने गढवा गा.पा ४ | ४००००० |
| ८ | ५ नं. वडा कार्यालय भित्री बाटोहरूमा खाल्डा खुल्डी पुर्ने | २०९१६० |
| ९ | जमुनिवास खोला उकास समाधान उपभोक्ता समिति | ११४७०५ |
| १० | कक्रहवा कुलो सार्ने काम | १३३५२ |
| ११ | पानी निकास उपभोक्ता समिति वडा नं. ५ | ३७५७३ |
| १२ | पश्चिम सुतैया खेती योग्य जमिन कटान नियन्त्रण | ७८७३८ |
| १३ | सिक्रहवा खोला कटान नियन्त्रण बाँकी (ख) | ७६२४८ |
| १४ | सिक्रहवा खोला कटान नियन्त्रण बाँकी (क) | ७०५८० |
| १५ | काली मन्दिर खोला कटान नियन्त्रण | ६१०४९ |
| १६ | पर्नाहा बाटो कटान नियन्त्रण | ७२५३९ |
| १७ | दंगाली कुलो नेर तटबन्धनको जाली भर्ने काम, गढवा ४ पर्सा | १५०००० |
| १८ | वडा नम्बर ४ को कच्वे सफाई तथा सडकमा रहेका ब्लक हटाउने कार्य | ९३५० |
| | जम्मा रकम | २३१६१२७ |

**निर्णय नम्बर ६ :** प्रस्ताब नम्बर ६ उपर छलफल गर्दा हिन्दुहरूको महान चाड बडा दशै तथा शुभ दिपावली तथा छट पर्वको अवसरमा गढवा गाउँपालिकाबासीलाई शान्ती सुरक्षा, अमन चयन कायम गर्नका लागि गढवा गाउँपालिकाको भौगोलिक अवस्था, बाटोघाटोको वर्तमान अवस्थालाई मध्यनजर गर्दै शान्ती सुरक्षा कायम गर्न ईलाका प्रहरी कार्यालय गढवालाई सहयोग पुऱ्याउनका लागि ३०० लिटर पेट्रोलियम (डिजल, पेट्रोल) उपलब्ध गराउने निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल